आज मिति २०७५ साल श्रावन २८ गतेका दिन यसदार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका बैठक प्रारम्भ गरियो।

## उपस्थिति

(१) श्री निम बहादुर के.सी. - अध्यक्ष
(२) श्री टिका शर्मा वली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अ०
(४) श्री कवि कुमार चन्द - वडा अध्यक्ष वडा नं. १
(५) श्री डिल्ली बहादुर के.सी. ,, ,, २
(६) श्री सेतिराम रोकाहा ,, ,, ३
(७) श्री चन्द्र बहादुर रावत ,, ,, ४
(८) श्री राम बहादुर के.सी. ,, ,, ५
(९) श्री दुर्गा बहादुर मल्ल ,, ,, ६
(१०) श्री अमृता कामी कार्यपालिका सदस्य
(११) श्री सन्तराम कामी ,, ,,
(१२) श्री मञ्जु शाही ,, ,,
(१३) श्री जुना मल्ल चन्द ,, ,,
(१४) श्री देवी खत्री ,, ,,
(१५) श्री धनिराम नेपाली ,, ,,
(१६) श्री पुतला खड्का रोकाय (का.वा. वडाध्यक्ष वडा नं. १)
(१७) श्री जित बहादुर ओली खरिदार
(१८) श्री इन्द्र बहादुर भण्डारी कानुनी सल्लाहकार
(१९) श्री दिपक ठकुरी - लेखापाल
(२०) श्री प्रदिप के.सी. शिक्षा शाखा प्रतिनिधि
२१ श्री निलेस कुमार स्वास्थ्य शाखा ,,
२२ ,, विष्णु रोकाय सब - इन्जिनियर
२३ ,, चन्दन जि० सि० - सहलेखापाल

प्रस्ताव नं (१) विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि २०६४ संशोधन सम्बन्धमा ।

नि.नं (१) प्रस्ताव नं. १मा छलफल गर्दा विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि २०६४ को नियम २१ बमोजिम विपद् प्रभावित लाई आंशिक प्रभावित र अति प्रभावित गरी २ भागमा वर्गीकरण गरि र्गर्ने, नियम २२ अन्तर्गत अस्थायी बसोबासको हकमा सो व्यक्ति घरबारविहिन भएमा प्रति घर परिवार रु २००००।-, परिवारका सदस्यको मृत्यु भएमा प्रति घरपरिवार रु २५०००।, स्थायी बसोबास भएको व्यक्ति घरबार विहिन भएमा रु २०,०००।-, अंगभंग भएमा प्रति घरपरिवार प्रतिव्यक्ति १०,०००। राहत दिनेगरी राहत रकममा संशोधन गर्ने निर्णयपारित गरियो ।

प्रस्ताव नं. (२) घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०६५ संशोधन सम्बन्धमा ।

नि.नं.(२) प्रस्ताव नं.२मा छलफल गर्दा मेशिनरी औजार सम्बन्धमा टिपरको सट्टामा २वटा ट्र्याक्टर राख्ने निर्णय गरियो।

प्रस्ताव नं. (३) कानुनी सल्लाहकारको चाडपर्व खर्च सम्बन्धमा

नि.नं. ३) प्रस्ताव नं. ३मा छलफल गर्दा यस गाउँपालिका कार्यालयमा कार्यरत कानुनी सल्लाहकार लाई निजले खाइपाई आएको १ महिनाको तलब/पारिश्रमिक बराबरको चाडपर्व खर्च र नेपाल सरकारले तोके बमोजिमको पोशाक खर्च उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्ताव नं (४) विद्यालय स्वास्थ्य कार्यक्रम सम्बन्धमा ।

नि.नं.(४) प्रस्ताव नं. ४मा छलफल गर्दा स्वास्थ्य शाखा-बाट प्रस्तावित विद्यालय स्वास्थ्य कार्यक्रम पारित गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं.(५) बालविकास कक्षा थप सम्बन्धमा ।

नि.नं. (५) प्रस्ताव नं.५मा छलफल गर्दा दार्मा गा.पा. २ स्थित श्री जनज्योति प्रा.वि. लिरापाखा लाई बालविकास कक्षा थपको लागी आवश्यक रकम मासिक रु ४५०० को दरले सञ्चित कोषबाट रकम विनियोजन गर्ने निर्णय पारित गरियो। ।

नि.नं.(६) प्रस्ताव नं.(६) गाउँपालिका भित्रको भ्रमण खर्च निय कार्यविधि सम्बन्धमा ।

निर्णय (नं) (६) प्रस्ताव नं. ६ मा छलफल गर्दा दार्मा गाउँपालिका क्षेत्रभित्र विभिन्न अनुगमन लगायत खटिएवापत दैनिक भ्रमण भत्ता तथा प्रशिक्षक भत्ता व्यवस्था सम्बन्धमा कार्यविधि पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.(७) अनुदान रकम दिने सम्बन्धमा ।

नि.नं. (७) प्रस्ताव नं. ७ मा छलफल गर्दा जनज्योति मा.वि फादलाचौरमा पशु विज्ञान कक्षा व्यवस्थापनवापत रु १००००००।- (दश लाख) र इलाका प्रहरी कार्यालय फादलाचौर कार्यालय व्यवस्थापन लगायत रु ५००,०००।- थप गर्ने र गाउँपालिकाको भवन र जग्गा घेरबारका लागी रु ५०००००।- संचित कोषवाट विनियोजन गर्ने निर्णय गरियो। २ नं. वडा कार्यालयको शौचालय निर्माणका लागी रु ५०००००।- समेत संचित कोषवाट विनियोजन गर्ने निर्णय गरियो ।